**“दिगो विकास लक्ष्य ४ को राष्ट्रिय प्रारुप कार्यान्वयन कसरी हुँदैछ ?”**

**२०७७ असोज ८ गते, बिहिबार**

**वहस कार्यक्रमबाट प्राप्त सुझावहरु**

दिगो विकास लक्ष्य ४ लाई कार्यान्वयन गर्नका निमित्त वनेको राष्ट्रिय प्रारुप कार्यान्वयन योजना हालसालै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयवाट सार्वजनक भएको छ । सो प्रारुपको कार्यान्वयन कसरी गर्न सकिन्छ भन्ने विषयमा विभिन्न सरोकारवालाहरुबीच छलफल गरी सुझाव संकलन गर्ने उद्देश्यका साथ शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई नेपाल) ले दिगो विकास लक्ष्य सप्ताहको अवसरमा “दिगो विकास लक्ष्य ४ को राष्ट्रिय प्रारुप कार्यान्वयन कसरी हुँदैछ ?” भन्ने विषयमा दिगो विकास लक्ष्य मञ्च (SDG Forum) सँगको सहकार्यमा वहस कार्यक्रम संपन्न गरेको छ । कार्यक्रममा डा. भोजराज काफ्ले, उप-सचिव, वैदेशिक शाखा, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, श्री बलराम तिमल्सिना, शिक्षा प्रमुख, युनेस्को काठमाडौं, श्री वंशलाल तामाङ, महासचिव, गाँउपालिका राष्ट्रिय महासंघ तथा अध्यक्ष इन्द्रावती गाउँपालिका र डा.सुमन कोमल तुलाधर, शिक्षाविज्ञ , मुख्य वक्ताका रुपमा उपस्थित हुनुभएको थियो । कार्यक्रममा शिक्षाका लागि राष्ट्रिय अभियान नेपालका कार्य समितिका सदस्य, प्रदेश र जिल्ला समन्वय समिति संयोजक, शिक्षाविज्ञ, सल्लाहकार, पत्रकार, शिक्षक, सिमान्तकृत तथा अल्पसंख्यक समुदायका प्रतिनिधि र विभिन्न शिक्षा सरोकारवाला गरी करिव १८० जना जुम र फेसबुक लाईभ मार्फत प्रत्यक्ष सहभागिता रहेको थियो ।

कार्यक्रमवाट प्राप्त मुख्य सुझावहरु निम्नानुसारका रहेका छन् ।

**संघीय सरकारलाई सुझावः**

- दिगो विकास लक्ष्य ४ को उद्देश्य प्राप्तिका निमित्त संविधानमा उल्लेख बमोजिम शिक्षा अधिकार स्थानीय तहमा दिने व्यवस्था गरिनुपर्ने र पुरानो संघीय शिक्षा ऐन परिमार्जन गरी नयाँ शिक्षा ऐन जारी गरिनुपर्ने ।
- संघीय सरकारले तीन तहका सरकार (संघ, प्रदेश र स्थानीय)को जिम्मेवारी प्रष्ट रुपमा छुट्याई नीतिगत रुपमै भूमिका र दायित्वमा स्पष्ट हुनुपर्ने ।
- दिगो विकास लक्ष्य ४ को उद्देश्य, योजना, कार्यान्वयन र अनुगमनको पाटोलाई ध्यानमा राखेर विशेषत प्रदेश र स्थानीय सरकारलाई जिम्मेवार बनाउन योजना बनाई अगाडि बढ्नुपर्ने ।
- दिगो विकास लक्ष्य ४ को उद्देश्य प्राप्तिका र प्रभावकारी कार्यान्वयनका निमित्त सबै स्थानीय तहमा यस प्रारुपलाई स्थानीयकरण गरिनुपर्ने र स्थानीय प्रतिनिधिलाई यस बारेमा जानकार गराइनुपर्ने ।

- संविधानको व्यवस्था अनुसार लैङ्गिक, अल्पसङ्ख्यक, युवा, श्रम बजार, सिमान्तकृत वर्ग, सडक बालबालिका र सांस्कृतिक संवेदनशिलता आदिको शिक्षा अधिकारलाई सुनिश्चित गर्ने खालका योजना उक्त प्रारुपमा समावेश गरी कार्यानवयन गरिनुपर्ने ।
- तीन तहका सरकार संघ, प्रदेश र स्थानीयबीच समन्वय, सहकार्य, र साझेदारी बढाइनुपर्ने ।
- वित्तिय अभावलाई हटाउन साझेदारीता र सहकार्यता बढाइनुपर्ने ।
- दिगो विकास लक्ष्य ४ को कार्यान्वयनमा आवश्यक मुल्यांकन र अनुगमन हुनुपर्ने ।

**प्रदेश र स्थानीय सरकारलाई सुझावः**

- दिगो विकास लक्ष्य ४ को बारेमा जानकार भई लक्ष्य प्राप्तिका निमित्त आफ्नो भूमिका निर्वाह गरिनुपर्ने ।
- शैक्षिक सुधार र दिगो विकास लक्ष्य प्राप्तिका लागि विद्यालय व्यावस्थापन समिति र शिक्षकको क्षमता अभिवृद्धि, शिक्षकलाई जिम्मेवारको महसुस र विद्यालय र शिक्षकको अनुपातको तालमेल मिलाइ विषय शिक्षकको व्यवस्थापन गरिनुपर्ने ।
- कोभिड १९ महामारीले निम्त्याएको शैक्षिक संकटलाई सुव्यवस्थित रुपमा अगाडि लैजान स्थानीय परिपेक्ष अनुरुप योजना बनाई लागू गरिनुपर्ने ।
- दिगो विकास लक्ष्य ४ को कार्यान्वयन र शैक्षिक सुधारका निमित्त स्थानीय स्तरमा पर्याप्त स्रोतको व्यवस्था र आवश्यक कोषको स्थापना गरिनुपर्ने ।
- विद्यालय पुनःसंचालन नभइ दिगो विकास लक्ष्य ४ प्राप्ति नहुने भएकाले विद्यालय पुनःसंचालनका निमित्त शिक्षक, विद्यार्थी र अभिभावकमा विश्वसनियताको वातावरण सिर्जना गरिनुपर्ने ।

धन्यवाद ।